**राजस्व न्यायाधिकरण काठमाडौं**
**इजलास**
**माननीय अध्यक्ष श्री किशोर सिलवाल**
**लेखा सदस्य श्री पुष्प प्रसाद गुरागाईं**
**फैसला**

२०७६।०७७ सालको निर्णय नं. ८३
पुनरावेदन नं.०७४-**RB**-००५४
**मुद्दाः-मूल्य अभिवृद्धि कर(२०७१ फागुन)।**

श्री शिवशक्ती घ्यू उद्योग प्रा.लि. जीतपुर बारा स्थाई लेखा नं. ३०००२००७६ को तर्फबाट अखितयारप्राप्त अधयक्ष सन्दिपकुमार अग्रवाल .............................१ } पुनरावेदक

**विरुद्ध**

ठूला करदाता कार्यालय, हरिहरभवन ललितपुर..........................................१
आन्तरिक राजस्व विभाग लाजिम्पाट, काठमाण्डौ.........................................१ } प्रत्यर्थी

उपस्थित कानून व्यवसायीहरु
पुनरावेदकका तर्फबाटः विद्वान अधिवक्ता श्री सिताराम अग्रवाल
प्रत्यर्थी कार्यालयहरुका तर्फबाट : विद्वान उपन्यायाधिवक्ता श्री शम्भुकुमार बस्नेत
शुरु निर्णय गर्ने कार्यालयः ठूला करदाता कार्यालय, हरिहरभवन ललितपुर
शुरु निर्णय गर्ने पदाधिकारीः – प्रमुख कर प्रशासक श्री शंकरप्रसाद खरेल
शुरु निर्णय मितिः २०७२/०१/१०

ठूला करदाता कार्यालय, हरिहरभवन ललितपुर मिति २०७२/०१/१० मा भएको निर्णय उपर प्रशासकिय पुनरावलोकनका लागि आन्तरिक राजस्व विभागमा निवेदन दर्ता गराई ताँहा कार्यालयबाट कुनै जानकारी प्राप्त नभएपश्चात ठूला करदाता कार्यालय, हरिहरभवन ललितपुरको निर्णय उपर राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६ (१) तथा मूल्य अभिवृद्धि कर ऐन २०५२ को दफा ३२(१) बमोजिम दर्ता हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार रहेको छ ।

## तथ्य खण्ड

१. करदाताले २०७१ फागुन महिनाको कर विवरणबाट मु.अ.कर फिर्ता माग गर्ने प्रयोजनका लागि मु.अ.कर ऐन २०५२ को दफा २४(क) बमोजिम कर अवधि समाप्त भएको मितिले तिन वर्ष भित्र निवेदन दिइएको खण्डमा कर फिर्ता पाउनेमा २०७१ फागुन देखिको मात्र कर फिर्ता माग गर्न पाउनेमा २०६८ माघ समेतको माग गरेको, निजले उत्पादन गरेको घिउ तेल मु.अ.करमा दर्ता भएकालाई विक्री गर्दा मात्र कर फिर्ता दावी गर्नुपर्नेमा PAN मा दर्ता भएको पार्टीलाई विक्री गरेको समेत फिर्ता दावी गरी कर फिर्ता लगेकोले मु.अ.कर ऐन २०५२ को दफा २९(१क) बमोजिम कर, जरिवाना, ब्याज, तथा थप दस्तुर समेत जम्मा रकम रू. ६,१९,२५७।- (छ लाख उन्नाइस हजार दुई सय सन्ताउन्न रुपैया मात्र) को प्रारम्भिक कर निर्धारण आदेश मिति २०७१।१२।२६ मा जारी भई १५ दिनको म्याद दिई ठूला करदाता कार्यालय, ललितपुरबाट भएको प्रारम्भिक कर निर्धारण आदेश ।

२. कर अवधि वर्ष २०६८ माघको फिर्ता माग भएको रकम फिर्ता गरेको, रकम मध्ये प्रारम्भिक आदेश साथ संलग्न कारण र रकमको सि.नं. १ र २ मा उल्लेखित रकम समेत घटाई बाँकी रकम मिति २०७१।१२।२६ को निर्णय अनुसार फिर्ता गरेको, करदाताले वर्ष २०७१ महिना फाल्गुणको कर विवरण पेश गर्दा माघ २०६८ को कर फिर्ता भुलवश माग गरिएको, सो रकम सम्बन्धित कार्यालयले फिर्ता पनि नगरेको र मु.अ.कर ऐन, २०५२ को दफा २०(१) मा उल्लेख भएको आधार समेत यहाँ लागु नहुने, कम्पनीले करको दायरा घटाउने जस्ता कार्य समेत नगरेको हुदाँ कर निर्धारण आदेश गर्न नमिल्ने भनी करदाता शिवशक्ति घ्यू उद्योग प्रा.लि.का तर्फबाट ठूला करदाता कार्यालय, ललितपुरमा मिति २०७२।०१।०९ मा पेश भएको जवाफ।

३. करदाताले २०७१ फागुन महिनाको कर विवरणबाट मु.अ.कर फिर्ता माग गर्ने प्रयोजनका लागि मु.अ.कर ऐन २०५२ को दफा २४(क) बमोजिम कर अवधि समाप्त भएको मितिले तिन वर्ष भित्र निवेदन दिइएको खण्डमा कर फिर्ता पाउनेमा २०७१ फागुन देखिको मात्र कर फिर्ता माग गर्न पाउनेमा २०६८ माघ समेतको माग गरेको, निजले उत्पादन गरेको घिउ तेल मु.अ.करमा दर्ता भएकालाई विक्री गर्दा मात्र कर फिर्ता दावी गर्नुपर्नेमा PAN मा दर्ता भएको पार्टीलाई विक्री गरेको समेत फिर्ता दावी गरी कर फिर्ता लइसकेकोले मु.अ.कर ऐन २०५२ को दफा २९(१क) बमोजिम कर, जरिवाना, ब्याज, तथा थप दस्तुर समेत जम्मा रकम रू. ६,१९,२५७।- (छ लाख उन्नाइस हजार दुई सय सन्ताउन्न रुपैया मात्र) को

प्रारम्भिक कर निर्धारण आदेश ठूला करदाता कार्यालय, ललितपुरबाट मिति २०७२।०१।१० मा भएको निर्णय ।

४. विपक्षी कार्यालयबाट कम्पनीको नाममा जारी भएको प्रारम्भिक कर निर्धारण आदेशमा प्रष्ट आधार तथा कारण समेत नभएको, कर अवधि वर्ष २०६८ माघको फिर्ता माग भएको रकम फिर्ता गरेको, रकम मध्ये प्रारम्भिक आदेश साथ संलग्न कारण र रकमको सि.नं. १ र २ मा उल्लेखित रकम समेत घटाई बाँकी रकम मिति २०७१।१२।२६ को निर्णय अनुसार फिर्ता गरेको, करदाताले वर्ष २०७१ महिना फाल्गुनको कर विवरण पेश गर्दा माघ २०६८ को कर फिर्ता भुलवश माग गरिएको, सो रकम सम्बन्धित कार्यालयले फिर्ता पनि नगरेको र मु.अ.कर ऐन, २०५२ को दफा २०(१) मा उल्लेख भएको आधार समेत यहाँ लागु नहुने, करको दायित्व घटेमा कर अधिकृतले जरिवाना गर्नसक्नेमा करको दायरा घटाएको अवस्था नरहेको हुदाँ कर निर्धारण आदेश गर्न नमिल्ने, विपक्षीबाट कम्पनीले दिएको जवाफ र प्रमाण समेतलाई बेवास्ता गरि प्रष्ट खण्डन समेत नगरी जवाफलाई हचुवा र गैरकानूनी तवरले न्यायिक मनको प्रयोग नगरी समय म्याद भित्र नभएको अन्तिम कर निर्धारण आदेश बदर गरी सो अनुसारको कर, जरिवाना समेतको कुनै रकम तिर्न नपर्ने न्याय ईन्साफ गरी पाउँ भन्ने समेत व्यहोराको पुनरावेदक शिवशक्ति घ्यू उद्योग प्रा.लि.का तर्फबाट यस न्यायाधिकरणमा मिति २०७४।०५।२६ मा परेको पुनरावेदन पत्र ।

५. मुलुकी फौजदारी कार्यविधि संहिता,२०७४ को दफा १४०(३) बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकिलको कार्यालयलाई पेशीको सूचना दिई नियमानुसार गरी पेश गर्नु भन्ने मिति २०७६।०६।०८ को यस न्यायधिकरणबाट भएको आदेश।

## ठहर खण्ड

६. नियम बमोजिम साप्ताहिक तथा दैनिक पेसीसूचिमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदन पत्र एवम प्राप्त सुरु मिसिल समेत अध्ययन गरियो।

७. पुनरावेदक शिवशक्ती घ्यू उद्योग प्रा.लि.का तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री सिताराम अग्रवालले करदाताले वर्ष २०७१ महिना फाल्गुनको कर विवरण पेश गर्दा माघ २०६८ को कर फिर्ता भुलवश माग गरिएको, सो रकम सम्बन्धित कार्यालयले फिर्ता पनि नगरेको र मु.अ.कर ऐन, २०५२ को दफा २०(१) मा उल्लेख भएको आधार समेत यहाँ लागु नहुने अवस्था रहेको साथै करको दायित्व घटेमा कर अधिकृतले जरिवाना गर्नसक्नेमा करको दायरा घटाएको अवस्था नरहेको हुदाँ कर निर्धारण आदेश गर्न नमिल्ने परिप्रेक्षमा विपक्षी कार्यालयले गरेको कर निर्धारण आदेश त्रुटिपूर्ण हुँदा सोलाई बदर गरी पाउँ भनी तथा प्रत्यर्थी करदाता सेवा कार्यालय त्रिपुरेश्वरका तर्फबाट उपस्थित बिशेष सरकारी वकिल कार्यालय काठमाण्डौका विद्वान

उप-न्यायाधिवक्ता श्री शम्भुकुमार बस्नेतले करदाता सेवा कार्यालयले कर निर्धारको निर्णय रितपूर्वककै देखिएकोबाट करदाताले जिकिर लिए बमोजिमको अवस्था नभएको कारणबाट शुरु कर कार्यालयले गरेको निर्णय कानूनसम्मत रहेको हुँदा शुरु निर्णय सदर गरी पाउँ भनी गर्नुभएको बहस जिकिर समेत सुनियो।

८. उपयुक्त तथ्य, पुनरावदेन जिकिर एवं विद्धान अधिवक्ता एवं उपन्यायाधिवक्ताको बहस जिकिर समेत सुनी संलग्न मिसिल फायलबाट पुनरावेदकको पुनरावेदन जिकिर पुग्ने हो होईन? तथा करदाता सेवा कार्यालयले गरेको निर्णय मिलेको छ छैन भन्ने सम्बन्धमा नै निर्णय दिनु पर्ने देखियो।

९. निर्णयतर्फ विचार गर्दा विपक्षी ठूला करदाता कार्यालयबाट मूल्य अभिवृद्धि कर फिर्ता माग गर्न पाउने अबधी पूर्वको कर रकम फिर्ता माग गरेको कारणले बढि कर फिर्ता दावी गरे बापत भएको कर निर्धारण एवं VAT मा दर्ता नभई स्थायी लेखा नं. PAN मा दर्ता भएको पार्टीलाई विक्री गरेको कारणले नपाउने कर फिर्ता दावी वापत जरिवाना समेत गर्ने गरी भएको कर निर्धारण आदेश मिले नमिलेको भन्ने नै निर्णय दिनुपर्ने बिषय देखिन आयो।

१०. पहिलो विवादित विषयवस्तुको सम्बन्धमा विचार गर्दा ठूला करदाता कार्यालयले कर निर्धारण आदेश गर्दा खुलाईएको कारण हेर्दा मूल्य अभिवृद्धि कर ऐन,२०५२ को दफा २४क मा उल्लेख भए बमोजिम कर अबधी समाप्त भएको मितिले ३ बर्ष भित्र पाउन पर्ने कर कर फिर्ता पाउँ भनी निवेदन दिनु पर्ने प्राबधान अनुसार करदाताले २०६८ फाल्गुणदेखिको मात्र कर फिर्ता माग गर्न पाउनेमा ०६८ माघ महिना समेतको विक्रिमा उठाएको मू.अ.कर माग गरेको देखिन आयो। तसर्थ फिर्ता नपाउने अबधीको मू.अ.कर दाबी गरे बापत मू.अ.कर ऐन, २०५२ को दफा २० बमोजिम कर निर्धारण गरी सोही ऐनको २९(१क) बमोजिम २० प्रतिशतले हुने जरिवाना समेत रु. ४,२०,५९६/- कर निर्धारण गरेको पाईयो। निर्णय गर्दा मूलतः मूल्य अभिवृद्धि कर ऐन २०५२ को दफा २० लाई आधार बनाइएको देखिन्छ। उक्त दफा २० मा बिधायीकाले धेरै आधारहरु खोली कर निर्धारण हुन सक्ने व्यवस्था गरिदिएको पाईन्छ। सर्वप्रथम त निर्णय गर्दा दफा २० को कुन उपदफालाई आधार लिई कर निर्धारण गरेको हो सो कुरा निर्णय गर्ने सम्बन्धित अधिकारीले उल्लेख नगरी समुच्चा दफा २० भनी उल्लेख गरेको पाईयो। कानूनमा धेरै व्यवस्था वा आधारहरु रहेकोमा निर्णयाधिकारीले कर निर्धारण गर्दा कानूनको कुन कुन व्यवस्थालाई आधार लिएको हो भनी एकिनताका साथ आफ्नो निर्णयमा सुनिश्चिततापूर्वक खूलाउन सक्नु पर्दछ। अन्यथा त्यस्तो निर्णयलाई कानूनसम्मत नमानी हचुवापूर्ण मान्नु पर्दछ। हचुवापूर्ण आधारमा कुनै पनि कारोबार गर्ने व्यक्ति उपर निर्धारण गरिएको कर कानूनसम्मत मान्न मिल्दैन। प्रस्तुत विवादमा पुनरावेदक

करदाताले कानूनले निर्धारित गरेको अबधी भन्दा बाहिरको मूल्य अभिवृद्धि कर फिर्ता माग गरेको कसूरमा जरिवाना समेत समावेश गरी कर निर्धारण भएको पाईयो तर त्यस्तो फिर्ता नपाउने कर फिर्ता पाउँ भनी मागसम्म भएपनि फिर्ता लगेको देखिँदैन र फिर्ता दिन नमिल्ने भएकोले फिर्ता दिएको पनि छैन। यस अर्थमा हेर्नुपर्दा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २५ मा कर फिर्ता दावी गर्न पाईने प्राबधान रहेको र त्यस्तो प्राबधानको कृयाशिलता (Operation) सम्बन्धित कर कार्यालय र करदाताको परिपूरक जिम्मेवारी बहनबाट मात्र सम्भव हुने हुन्छ। दावी गर्नेले दावी गर्ने वित्तिकै कर फिर्ता पाउने भन्ने हुँदैन। सम्बन्धित कर कार्यालयले कर फिर्ता माग गर्नेले कानून बमोजिमको शर्त बन्देज पालना गरी त्यस्तो कर फिर्ताको दावी गरिएको छ वा छैन भनि हेर्नै पर्दछ। कानूनतः फिर्ता दिन नमिल्ने भनी कर फिर्ता नै नभएको अवस्थामा केबल कर फिर्ता दावी गरेकै आधारमा कसैलाई दण्डित गर्नु व्यवसाय मैत्री कर प्रणाली मान्न मिलेन। अतएवः कर निर्धारण गरेको ठिक छ भन्ने ठूला करदाता कार्यालय तर्फबाट उपस्थित विशेष सरकारी वकिल कार्यालय, काठमाण्डौका विद्वान उपन्यायाधीवक्ताको जिकिरसँग सहमत हुन सकिएन।

११. अव दोश्रो विवादित प्रश्नको सम्बन्धमा हेर्दा करदाताले कर अबधीमा अन्य थपघटको डेविटतर्फ समायोजन गरेको मू.अ.कर रु. १,६५,५५१/- को हिसाव पुनरावेदक करदाताले आफ्नो उत्पादन मू.अ.करमा दर्ता भएकोलाई विक्री गर्दा मात्र कर फिर्ता दावी गर्नु पर्नेमा PAN मा दर्ता भएको पार्टीलाई विक्रीतर्फ गरेको समेत फिर्ता दावी गरेकोमा करदाताले सो रकम फिर्ता लिईसकेको भन्ने एकातिर र अर्कोतिर डेविटतर्फ समावेश गरेको भन्ने दोहोरो अर्थ लगाई जरिवाना समेत उल्लेख गरी ठूला करदाता कार्यालयबाट कर निर्धारण भएको पाईयो। प्रस्तुत विवादमा समेत मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २० अनुसार कर निर्धारण गरिएको भएतापनि उक्त दफा २० मा भएका कुन आधारमा कर निर्धारण भएको हो खुल्न आएको देखिदैन। शुरु मिसिल संलग्न पाना नं.४१४ र सो संलग्न कागजात हेर्दा कर निर्धारण गर्दा उल्लेखित रकम रु. १,६५,५५१/- डेविट गरेको र सो हिसावलाई आन्तरिक राजस्व विभागबाट मिति २०७१/१२/१८ मा प्रमाणित समेत गरेको देखिँदा फिर्ता नै नभएको उक्त रकमको कर निर्धारण गर्ने कार्य कानूनसम्मत मान्न मिलेन।

१२. अतः माथि विवेचित आधार, कारण एवं प्रमाण समेतबाट स्थायी लेखा नम्बर ३०००२००७६ भएको पुनरावेदक करदाताको आ.व. २०७१ फाल्गुणको मूल्य अभिवृद्धि कर निर्धारणका सम्बन्धमा ठूला करदाता कार्यालयबाट मिति २०७१/१२/२६ को निर्णय त्रुटिपूर्ण देखिँदा उल्टी हुने ठहर्छ। अरु तपशील बमोजिम गर्नु।

तपशील खण्ड

माथी ठहर खण्डमा उल्लेख भए बमोजिम पुनरावेदक करदाता शिवशक्ती घ्यू उद्योग प्रा.लि.को आ.व.०७१ फागुन को मूल्य अभिवृद्धि कर निर्धारणका सम्बन्धमा शुरु ठूला करदाता कार्यालय हरिहरभवनको मिति २०७१/१२/२६ को निर्णय मिलेको नदेखिँदा उल्टी हुने ठहरेकोले पुनरावेदकले पुनरावेदन गर्दा धरौटी राखेको रकमबाट एकिन हिसाब गरी पुनरावेदक करदातालाई फिर्ता दिनु वा अर्को बर्षको तिर्नुपर्ने कर रकममा मिलान गरिदिनु भनी शुरु कार्यालयलाई लेखी पठाईदिनु.........................१

फैसलाको प्रतिलिपी सहितको जानकारी बिशेष सरकारी वकिलको कार्यालय काठमाण्डौलाई दिनु.........................................................................२

प्रस्तुत फैसलाको विद्युतिय प्रति अपलोड गरी यस मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी बुझाई दिनू.............................................................३

किशोर सिलवाल
(अध्यक्ष)

उक्त रायमा मेरो सहमती छ ।

पुष्प प्रसाद गुरागाईं
(लेखा सदस्य)

फैसला तयारीमा सहयोग गर्नुहुनेः-

शाखा अधिकृतः श्री प्रमोद रिजाल

इति सम्बत २०७६ साल पौष २० गते रोज १ शुभम ..................................................